# प्रेस बिज्ञप्ती- २०३

# Press Release- 203

लागु औषध नियन्त्रण ब्यूरो
NarcoticsControlBureau
कोटेश्वर,काठमाण्डौं ।

मिति २०७४।०९।०५ गते

## सेतो स्कोर्पियो गाडीमा लुकाई राखेको नियन्त्रित लागु औषध ३५०० एम्पुल तथा १.४९१ केजी चरेस सहित २ जना विदेशी नागरीक पक्राउ ।

नेपालमा फर्मास्युटिकल्स लागु औषधको अवैध बिक्री वितरण एवं ओसार पसार भईरहेको छ भन्ने सूचनाको आधारमा लागु औषध नियन्त्रण व्यूरोले थालेको विशेष अपरेशन अन्तर्गत मिति **२०७४/०९/०३ गते १८:००** बजे जिल्ला मोतिहारी थाना रक्सौल वार्ड नं. १५ मौजे रक्सौल, पूर्वीचम्पारण, भारत ठेगाना भएका **बर्ष ३७ को रमेश कुमार**लाई निजले चलाएको **भारतीय नम्बर BR/5/TMP/2017/97** को सेतो रङको **स्कोर्पियो** गाडीको पछाडिको सिटमा धर्के बुट्टा भएको प्लास्टिकको जेब्रा झोला भित्र विभिन्न पत्रिकामा ऱ्यापिङ गरी ३५(पैंतीस) वटा प्याकेटहरुमा लुकाई-छिपाई राखेको **नियन्त्रित लागु औषध बुप्रिनर्फिन (नुफिन)-१२०० एम्पुल, डाईजेपाम (डाईजेल्याब)-१२००एम्पुल र फेनारगन-११०० एम्पुल गरी जम्मा ३५०० ( पैतीस सय ) एम्पूल** सहित जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. १४ कलंकीबाट पक्राउ गरीएको छ ।

पक्राउ परेका रमेश कुमार विगत लामो समय देखि नेपाल-भारत सीमानाबाट बुप्रिनर्फिन, डाईजेपाम लगायतका नियन्त्रित लागु औषध नेपाल भित्र्याई काठमाण्डौ तथा अन्य प्रमुख शहरहरुमा आफ्नो संजाल बनाई कारोबार गर्ने मुख्य व्यक्ति भएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ । फर्मास्युटिकल्स (नियन्त्रित लागु औषध) नियन्त्रणका लागि लागु औषध नियन्त्रण व्युरोद्वारा संचालित विभिन्न अपरेशन अन्तर्गत २०७४ श्रावण महिना देखि हाल सम्म फर्मास्युटिकल्स नियन्त्रित लागु औषध **१३,१४६ एम्पुल** तथा अवैध बिक्री वितरण एवं ओसार पसार गर्ने **३७ जना** मानिस समेत पक्राउ गरिएको छ ।

त्यसैगरी मिति **२०७४।०८।२९ गते १८:५५ बजे फ्लाइ दुवई**को फ्लाईट नम्बर **EK2156 (FZ576) द्वारा दुवई** जान लागेका रसियन नागरिक राहदानी नम्बर 715110379 बाहक बर्ष ३३ को पुरुष VICTOR TSYGANOV लाई त्रि.अ.बि.को प्रस्थान कक्षमा चेकजाँच तथा खानतलासी गर्दा निजको झोलाभित्र रहेको २ वटा डाबर च्यवनप्रासको बट्टा भित्र लुकाई छिपाई निकासी गर्न लागेको अवस्थामा लागु औषध **चरेस १ किलो ४९१.५ ग्राम** सहित त्रि.अ.बि.बाट पक्राउ गरीएको छ । बरामद गरिएको लागु औषध चरेसको अन्तिम गन्तव्य मोरिसस रहेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।

नियन्त्रित लागु औषध सहित पक्राउ परेका मानिसहरु उपर आवश्यक थप अनुसन्धान कार्य भई रहेको ब्यहोरा जानकारीको लागि अनुरोध ।

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com


Rest Room
नाम थर :- रमेश कुमार
नागरिक :- भारतीय


Narcotics Control Bureau




Narcotics Control Bureau



**नियन्त्रित लागु औषध (**Pharmaceutical Drugs**)**